# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १६१ | काठमाडौं | मंगलबार, २१ असोज २०८२ | Prabhab National Daily | Tuesday, 07 October 2025 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।–


## प्रतिनिधिसभा निर्वाचनको कार्यतालिका सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनको कार्यतालिका सार्वजनिक भएको छ। निर्वाचन आयोगले सोमबार उक्त कार्यतालिका सार्वजनिक गरेको हो। सोमबार कार्यतालिका स्वीकृत गरी सार्वजनिक गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिए।

आयोगले निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको समय मंसिर १ देखि १० गतेसम्म समय तोकेको छ। 'स्वीकृत कार्यतालिकाअनुसार मंसिर १ गतेदेखि १० गतेसम्म निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको कार्यक्रम रहेको छ,' आयोगको विज्ञप्तिमा भनिएको छ।

पहिलो (प्रत्यक्ष निर्वाचित) हुने निर्वाचनका लागि उम्मेदवारी दर्तासहितका कार्यक्रम भने आयोगले राखेको छैन। यद्यपि, यस प्रयोजनका लागि माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने आयोगले जानकारी दिएको छ। उम्मेदवारले फागुन ३ देखि १८ गतेसम्म चुनाव प्रचार गर्न पाउने व्यवस्था आयोगले गरेको छ।

क्रमशः पृष्ठ २ मा

- निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको समय मंसिर १ देखि १० गतेसम्म
- आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानुनी व्यवस्था रहेको हुँदा निर्वाचनमा भाग लिन चाहनेले आगामी कात्तिक ३० गतेभित्र राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नुपर्ने
- पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि आगामी माघ २ गतेदेखि निर्वाचन अधिकृतको कार्यालय स्थापना
- फागुन ३ देखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसार
- फागुन २१ गते बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदान
- समानुपातिक निर्वाचन प्रणालीका लागि मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना
- पुस १८ र १९ गते बन्दसूची पेस गर्ने कार्यक्रम

### दलहरू सशंकित

जेन-जी विद्रोहपछि अकस्मात सडकमा आइपुगेका दलहरूले संसद् विघटन असंवैधानिक भने पनि सुरुमा चुनावमा जाने जनाएका थिए। देशबासीको नाममा सम्बोधन गर्दै प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा हुने चुनावमा सहभागी हुन बिहीबार सबैलाई आग्रह गरेकी थिइन्। यसैअनुसार निर्वाचन आयोगले चुनावी तयारीका लागि मतदाता नामावली संकलनसमेत सुरु गरिसकेको छ।

तर निर्वाचन आयोगले दलहरूसँग कुनै संवाद र समन्वय नगरेको भन्दै दलका नेताहरू सशंकित हुन थालेका छन्। नेपाली कांग्रेसले यसबारे धारणा बनाउन असोज २६ गते केन्द्रीय समिति बैठक डाकेको छ। नेकपा एमालेले २७ गतेदेखि २९ गतेसम्म केन्द्रीय कमिटी बैठक बोलाएको छ। नेकपा माओवादी केन्द्रका महाधिवेशन संयोजक पुष्पकमल दाहालले भने घोषित मितिमै निर्वाचन हुनुपर्नेमा जोड दिएका छन्।

क्रमशः पृष्ठ २ मा



**पुष्पकमल दाहाल**
महाधिवेशन संयोजक, माओवादी केन्द्र

घोषित मितिमा निर्वाचन हुनुपर्छ र सबै राजनीतिक दल निर्वाचनमा सहभागी हुनुपर्छ। हाम्रो पार्टी सक्रियताका साथ निर्वाचनमा भाग लिन्छ। प्रतिनिधिसभा पुनर्स्थापनातर्फ लागियो भने मुलुक झन् अस्थिर हुन्छ।

## बाढीपहिरोले क्षतिग्रस्त राजमार्गको मर्मत सुरु

**बिपी राजमार्ग एक साताभित्रै खुलाउने तयारी**

**एसियन र मेची राजमार्ग केही दिनभित्रै सञ्चालनमा ल्याइने**

■ जेबी योञ्जन


**काठमाडौं–** बाढीपहिरोका कारण क्षतिग्रस्त केही राजमार्गहरू तत्काल सञ्चालनमा नआउने भएका छन्। सडक विभागका अनुसार बिपी राजमार्ग, एसियन राजमार्ग र मेची राजमार्गलाई मर्मत गरेर सञ्चालनमा ल्याउन ढिलाइ हुने भएको हो। अन्य केही सडकको मर्मतमा पनि समय लाग्ने भएको छ।

तर, क्षतिग्रस्त ती सडकहरूको मर्मत गर्ने र पहिरो पन्छाउने काम सुरु भएको सडक विभागका प्रवक्ता प्रभातकुमार झाले बताए। उनले बिपी राजमार्गलाई सञ्चालनमा ल्याउन भने साता दिन लाग्ने जानकारी पनि दिए।

'बिपी राजमार्ग पूर्ण अवरुद्ध छ। चार किलोमिटर सडक बाढीले बगाएको छ तर हामी साता दिनभित्र सञ्चालनमा ल्याउनेगरी काम गर्दै छौं,' उनले प्रभावसँग भने।

शुक्रबार रातिदेखिको वर्षाले काभ्रेस्थित बिपी राजमार्गको धेरै भागमा क्षति पुगेको छ। बिपी राजमार्गअन्तर्गत भकुण्डेबेसी-नेपालथोक सडकखण्डको करिब नौ किलोमिटरमा रोशी खोलाले क्षति पुर्‍याएको विभागले जानकारी दिएको छ। रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाका अनुसार उक्त सडक खण्डको नमोबुद्ध नगरपालिका र रोशी गाउँपालिकाको सीमा क्षेत्र चौकीडाँडादेखि बोक्सेकुना, घुमाउने, डालाबेंसी, पिप्ले, माम्तीमा अस्थायीरूपमा बनाइएको डाइभर्सनमा वर्षाले पुनः क्षति पुर्‍याएको छ।

बिपी राजमार्ग देशकै सर्वाधिक व्यस्त राजमार्गमा पर्दछ। पूर्वी भेगबाट काठमाडौं प्रवेश गर्ने यो छोटो दूरीको राजमार्ग हो।



तस्बिर सौजन्य: जिप्रका सिन्धुली

रोशी खोलाले कटान गरेको बिपी राजमार्गअन्तर्गतको एक खण्ड।

यसबाहेक बाढीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत निर्माणाधीन एसियन हाइवे काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वीखण्ड)को मेचीनगर-६ स्थित काली खोला डाइभर्सन र शिवसताक्षी-१० स्थित भालु खोला डाइभर्सन बगाएको छ। दुई ठाउँको डाइभर्सन बगाएकै कारण एसियन राजमार्गमा यातायात पूर्णरूपमा अवरुद्ध भएको छ। यो राजमार्गको पूर्वीखण्ड स्तरोन्नतिको काम भइरहेको थियो।

क्रमशः पृष्ठ २ मा



बिपी राजमार्ग पूर्ण अवरूद्ध छ। चार किलोमिटर सडक बाढीले बगाएको छ तर हामी साता दिनभित्र सञ्चालनमा ल्याउनेगरी काम गर्दैछौं।

**प्रभातकुमार झा**
प्रवक्ता, सडक विभाग

### वैकल्पिक मार्गमा दिउँसोको समयमात्र सवारी सञ्चालन

**काठमाडौं (प्रस)–** मकवानपुरको हेटौंडाबाट काठमाडौं प्रवेश गर्ने सडकमार्गमा राति सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।

पहिरोको जोखिम आकलन गरेर जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गर्दै हेटौंडा-भैंसे, भीमफेदी-कुलेखानी-फाखेल, कुलेखानी-सिस्नेरी-दक्षिणकाली र त्रिभुवन राजपथमा सोमबार बेलुका ६ बजेदेखि बिहान ५ बजेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाएको हो। उक्त समयमा अत्यावश्यक सेवाबाहेकका सवारीसाधन सञ्चालन गर्न निषेध गरिएको छ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## झूटो विवरण बनाएर सहायता लिनेमाथि कडाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका क्रममा मृत्यु भएकाको नाममा कतिपयले झूटो विवरण बनाएर सहायता लिएको पाइएपछि वैदेशिक रोजगार बोर्डले सहायता वितरणमा कडाइ गरेको छ। नेपाल आएपछि मृत्यु भएकाहरूको गत जेठयता सहायता विभागले रोकेको हो।

झूटो विवरण बनाएर सहायता लिएको भेटिएकाले सहायता रोकिएको बोर्डका एक अधिकारीले बताए। 'विदेशमा मृत्यु हुनेहरूले भने सहायता पाइरहेका छन्। नेपालमा मृत्यु भएकाको कागजातहरू फेक बनाएको भेटियो। जेठ-असारदेखि नै फाइल रोकिएको छ। दुई-चार जनाको त्यस्तो भेटियो। उनीहरूले गर्दा सबैलाई समस्या भइरहेको छ,' उनले भने, 'उनीहरूको इमिग्रेसनबाट तथ्यांक माग्दै त्यहीअनुसार काम अगाडि बढिरहेको छ।'

कागजात आएकाहरूको भने काम अघि बढेको भनिएको छ। केहीको सहायता रोकिएकाले यो दुई महिनामा कति सहायताबापत कति दिइयो भन्ने विवरण यकीन नभइसकेको जनाइएको छ।

बोर्डका अनुसार चालु आर्थिक वर्षको दुई महिनामा वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका २६८ जना मृतकका परिवारले आर्थिक सहायता पाएका छन्। गत साउनमा १४२ र भदौमा १२६ जना मृतकका परिवारलाई सहायता प्रदान गरिएको हो।

बोर्डले करार अवधि समाप्त भएको एक वर्षभित्र मृत्यु भएमा त्यस्ता श्रमिकका परिवारलाई कल्याणकारी कोषमार्फत आर्थिक सहायता दिँदै आएको छ। उनीहरूले सहायतास्वरूप १० लाख रूपैयाँ पाउँछन्।

यो अवधिमा बोर्डले ८३ वटा शव झिकाइदिएको तथ्यांक छ। साउनमा ३९ र भदौमा ४४ जनाको शव झिकाइएको बोर्डको भनाइ छ। त्यस्तै १४४ जनाको शव मृतकको घरसम्म ढुवानी गरिदिएको उल्लेख गरिएको छ। विदेशमा कानुनी सजाय पाएका, दुर्घटनामा परेका या विभिन्न कारणले आर्थिक अभाव भई अलपत्र परेका श्रमिकलाई बोर्डले उद्धार गर्दै आएको छ। साउनमा १८ र भदौमा २२ जना गरी ४० जनाको उद्धार गरिएको बोर्डले जानकारी दिएको छ।

यस अवधिमा १३२ जनाले पारिवारिक उपचार खर्च पाएका छन्। रोजगारीमा गएका श्रमिकका परिवारका सदस्य करार अवधिभित्र गम्भीर प्रकृतिका बिरामी परेर उपचार गराउन आर्थिक समस्या भए बोर्डले एक पटक ५० हजार रूपैयाँसम्म दिन्छ। परिवारमा कसैलाई पार्किन्सन, क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया तथा अल्जाइमरजस्ता गम्भीर प्रकृतिका रोग लागे सहयोग पाइन्छ। त्यस्तै, अंगभंग तथा गम्भीर विरामी भएकाहरू १६३ जनाले आर्थिक सहायता पाएका छन्।

बोर्डले यो दुई महिनामा ७४५ जनालाई टेलिमेडिसिन सेवा प्रदान गरेको छ। रोजगारीमा भएका श्रमिकले स्वास्थ्यमा समस्या देखापरे अनलाइन माध्यमबाट स्वास्थ्य परामर्श लिन सक्छन्।

## मनसुनजन्य विपद्‌बाट ज्यान गुमाउनेको संख्या ६० पुग्यो

**निधन हुनेमा पुरूष १९, महिला २६ र नाबालक १५**

**काठमाडौं (प्रस)–** शुक्रबार रातिदेखिको वर्षाले देशभर ६० जनाको निधन भएको सशस्त्र प्रहरी बलले जानकारी दिएको छ। निधन हुनेमा पुरुष १९, महिला २६ र नाबालक १५ रहेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए।

इलाममामात्र पुरुष १३, महिला १४ र नाबालक १० गरी ३७ जनाको निधन भएको उनले बताए। यसैगरी पाँचथरमा पुरुष तीन, महिला चार र नाबालक एक गरी आठ जनाको निधन भएको छ। उदयपुरमा महिला दुई र नाबालक एक गरी तीन, खोटाङमा पुरुष दुई र सुनसरीमा एक जना पुरुषको निधन भएको छ।

रौतहटमा एक महिला र दुई नाबालक गरी तीन जना, मोरङ, सिन्धुली र महोत्तरीमा एक/एक जना महिलाको निधन भएको छ। यस्तै, सिन्धुपाल्चोकमा एक नाबालकको ज्यान गएको छ भने काभ्रेपाञ्चोकमा दुई महिलाको शव भेटिएको सशस्त्र प्रहरी बलले जनाएको छ।

### भैरहवाबाट १५७ जनाको हवाई उद्धार

अविरल वर्षाका कारण भैरहवामा अलपत्र यात्रुहरूको हवाई उद्धार उडान गरिएको छ। नेपाल वायुसेवा निगमको ए ३२० विमान ७६ जना यात्रुसहित दिउँसो ३:४३ बजे भैरहवा अवतरण भएको थियो। भैरहवाबाट भने विमानले ५:४० बजे १५७ जना यात्रु बोकेर काठमाडौं फर्किएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी विनोदसिंह राउतले जानकारी दिए।

उद्धार उडानमा अशक्त, वृद्धवृद्धा, बिरामी तथा अत्यावश्यक यात्रुलाई प्राथमिकता दिइएको उनले बताए।

### गोसाइँकुण्ड क्षेत्रमा पदयात्रामा गएका १२ जनाको उद्धार

रसुवा जिल्लाको गोसाइँकुण्ड क्षेत्रमा पदयात्रामा गएका १२ यात्रीको नेपाली सेनाले उद्धार गरेको छ। सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयकाअनुसार गोसाइँकुण्ड-५ बाट पदयात्रीको उद्धार गरी स्याप्रुबेसी ल्याइएको छ। उनीहरूको खोजी तथा उद्धारका लागि श्रीनाथ गणबाट टोली परिचालन गरिएको थियो।

बेपत्ता भएका अन्य चार जनाको ड्रोन क्यामेरासहित सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको टोलीले पाँच स्थानमा खोजीकार्य गरिरहेको निर्देशनालयले जानकारी दिएको छ।







पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका–५ घाटबेसीस्थित बाँड्गेमोडमा गुडिरहेका सवारीसाधन । मौसममा सुधार आएसँगै सवारी आवागमन भएदेखि राजधानी प्रवेश गर्ने र बहिरिने सवारीले बिहानैदेखि पृथ्वी राजमार्ग चाप अत्यधिक बढेको थियो । *तस्बिरः शंकर श्रेष्ठ/रासस*

# हनुमानढोका दरबारमा अखिल बलिपूर्ति सम्पन्न

**काठमाडौं (प्रस)–** हनुमानढोका दरबारको दसैंघरमा ५४ बोका र ५४ राँगाको बलि दिई सोमबार अखिल बलिपूर्ति सम्पन्न गरिएको छ । आश्विन शुक्ल पूर्णिमा अर्थात् कोजाग्रत पूर्णिमाका दिन अखिल बलि पूर्ति गरेसँगै यस वर्षको बडादसैंमा मान्यजनबाट नवदुर्गाको प्रसादस्वरूप टीका र जमरा लगाउने क्रम पनि समाप्त हुन्छ ।

हनुमानढोका दरबार हेरचाह अड्डाकी पुरातत्त्व अधिकृत सविताकुमारी जोशीले ५४ बोकामध्ये नौ बोकालाई दसैंघरमा र बाँकी बोका तथा ५४ राँगालाई भने हनुमानढोका दरबारको मूलचोकमा बलि दिइएको बताइन् ।

अखिल बलि पूर्ति गरिएसँगै दसैंघरमा घटस्थापनाका दिन राखिएको जमरा सेलाइएको छ । जमरा सेलाएसँगै टीका र प्रसाद लगाउने क्रम अन्त्य भएको हो ।

यसैगरी वैदिक सनातन हिन्दू धर्मावलम्बीले असोज ६ गते घटस्थापनाका दिन घरघरका पूजा कोठा एवं दसैंघरमा राखेको जमरा पनि सोमबार नजिकको ताल, तलाउ, पोखरी वा तीर्थस्थलमा सेलाएका छन् ।

सोमबार राति धनधान्यकी देवी महालक्ष्मीको पूजाआराधना गरी रातमा जाग्राम बसेसँगै १५ दिन लामो दुर्गा पक्ष अर्थात् बडादसैं पर्व समापन गरिएको छ ।


**साउदीमा रोजगार** कम्पनी : EXPERTISE CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१२ पुन विज्ञापन मिति : २०८२/०६/२० LT. No. 321012 चलानी नं. ६०२३५१२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 27 | 0 | 1000 | ३७,८५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: ग्लोबल ट्रेनिङ इन्स्टिटुट सिफल-७, काठमाडौंमा मिति: २०८१ असोज २८ गते (14th Oct. 2025) मा हुनेछ**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



**साउदीमा रोजगार** कम्पनी : Infinity Shield Trading Establishment

पूर्व स्वीकृति मिति : २०८२/०६/१० LT. No. 331690 चलानी नं. ६०२४५५४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING & UNLOADING STAFF | 2 | 0 | 1000 | ३७,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २८ गते (14th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75



**युएइमा रोजगार** कम्पनी : STELLAR CRAFTS TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/१० LT. No. 331446 चलानी नं. ६०२४५५४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 6 | 0 | 1500 | ५७,९८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज २८ गते (14th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Kathmandu, Nepal, Tel: 01-4547203/04, Mobile: 9767982815 / 9841980236
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082



**Sindhu Jwala Hydropower Limited**

**Upper Nyasem Khola Hydroelectric Project (43 MW) / Upper Nyasem Khola-A Hydroelectric Project (21 MW)**

Name of the Contract: *Construction of Civil Works of (UNK-AHP) 21 MW & (UNKHP) 43 MW, Contract Identification: SJHL/UNKHEP/081/082/CW-01)*

**Amendment – 1**

With reference to the previous notice dated 2025/09/12, this is to inform all concerned that certain amendments have been made. The said amendments are incorporated in the Original Bid Documents.


## पृष्ठ १ बाट क्रमशः

### प्रतिनिधिसभा निर्वाचनको...

समानुपातिक निर्वाचन प्रणालीका लागि भने मंसिर १५ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने तथा पुसको १८ र १९ गते बन्दसूची पेस गर्ने कार्यक्रम राखिएको छ । मतदान फागुन २१ गते बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म हुने आयोगको कार्यतालिका उल्लेख छ ।

प्रत्यक्षतर्फ उम्मेदवार मनोनयनको कार्यतालिका नराखेपछि दलका नेताहरूले आयोगसँग प्रश्न गरेका छन् । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले यसलाई नयाँ सरकारको नयाँ चाला हो कि भनी प्रश्न गरेका छन् । 'फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनको कार्यतालिका भनी विज्ञप्ति सार्वजनिक भएको छ । कस्तो खाले निर्वाचन हुने ? समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउने मिति छ, प्रत्यक्ष (पहिलो हुने निर्वाचित) तर्फको उम्मेदवारी दिने मिति नै भेटिएन त !,' विश्वकर्माले प्रश्न गरेका छन्, 'उम्मेदवारीविना बरू मतगणनाको समयचाहिँ उल्लेख छ त ! नयाँ सरकारको नयाँ चाला हो कि ?'

आयोगले भने प्रत्यक्षतर्फको मनोनयन दर्ता, दाबी विरोध तथा उम्मेदवारको नामावली प्रकाशनको सयम राजपत्रमा प्रकाशन गर्नुपर्ने भएकाले अहिले नतोकिएको प्रस्ट पारेको छ । 'मनोनयनको मिति राजपत्रमा प्रकाशन गर्नुपर्ने भएकाले नतोकिएको हो । पछिमात्रै तोकिन्छ,' आयोगका प्रवक्ता भट्टराईले भने । माघ २ गते निर्वाचन अधिकृतको कार्यालय स्थापनापछि उम्मेदवारी दर्ता र अरु कार्यातालिका सार्वजनिक गर्ने आयोगको तयारी छ ।

आयोगले नयाँ दल दर्ताका मौका कात्तिक मसान्तसम्मका लागि तोकेको छ । 'आयोगमा दर्ता कायम रहेका राजनीतिक दलले मात्र निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्न पाउने कानुनी व्यवस्था रहेको हुँदा निर्वाचनमा भाग लिन चाहने सरोकारवालाले मिति २०८२ कात्तिक ३० अगावै राजनीतिक दल दर्ताको प्रमाणपत्र लिइसक्नुपर्ने छ,' आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

### मनाङको उपनिर्वाचन रद्द

मनाङ क्षेत्र नम्बर १ (२) मा रिक्त प्रदेशसभा सदस्यको पदपूर्तिका लागि कात्तिक १७ गतेलाई तोकिएको उपनिर्वाचन रद्द भएको छ । आइतबार बसेको निर्वाचन आयोगको बैठकले मनाङको उपनिर्वाचन तत्काललाई स्थगित गर्ने निर्णय गरेको हो ।

गत भदौ १३ गते बसेको आयोगको बैठकले मनाङमा कात्तिक १७ गते उपनिर्वाचन गर्ने निर्णय गरेको थियो । सर्वोच्च अदालतको आदेशपछि गण्डकी प्रदेशसभा सदस्य राजीव गुरुङ (दीपक मनाङे) पदमुक्त भएसँगै उक्त क्षेत्र रिक्त छ ।

कात्तिक १७ मै रूपन्देही ३ मा पनि उपनिर्वाचन तय भएको थियो । तर प्रतिनिधिसभा विघटनका कारण उक्त निर्वाचन कार्यक्रम रद्द भइसकेको छ । प्रदेशसभा सदस्यको कार्यकाल छ महिनाभन्दा बढी अवधि बाँकी रहँदा उपनिर्वाचन गर्ने संवैधानिक व्यवस्था छ । मनाङ क्षेत्र नम्बर १ (२) २०८१ कात्तिक २० गतेदेखि रिक्त छ ।

■■■

### दलहरु सशंकित...

पार्टी मुख्यालय पेरिसडाँडामा सोमबार बसेको सचिवालय बैठकपछि दाहालले भने, 'घोषित मितिमा निर्वाचन हुनुपर्छ र सबै राजनीतिक दल निर्वाचनमा सहभागी हुनुपर्छ । हाम्रो पार्टी सक्रियताका साथ निर्वाचनमा भाग लिन्छ, र अघि बढ्छ ।'

एमाले र कांग्रेसले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि प्रयास गर्ने देखिएको छ । तर दाहालले भने यसले झनै संकट निम्तिने दाबी गरेका छन् । 'चुनावको विकल्प भनेको विघटित प्रतिनिधिसभा पुनर्स्थापना हो । त्यतातिर लागियो र चुनाव भएन भने मुलुक झन् अस्थिर हुन्छ,' दाहालले भने ।

■■■


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक १५८ असोज १२ गते २०८२ मा प्रकाशित **Kanchan Human Resources Management Pvt.ltd** को Lot No. 331810 को विज्ञापनमा **मलेसियामा रोजगार** तथा कम्पनीको नाम MELAWATI SECURITY SERVICES SDN BHD हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Kanchan Human Resources Management Pvt.Ltd.
(Nearby International Airport, Next to Hotel Hema)
Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014564708, Mobile: 9851078211, 9851080486
Govt. License 593/062/63


### बाढीपहिरोले क्षतिग्रस्त...

तर, शनिबारदेखिको वर्षाले डाइभर्सन बगाउँदा सवारी आवागमन नै प्रभावित भएको हो ।

पहिरोले अवरुद्ध मेची राजमार्ग पूर्णरूपमा सञ्चालनमा आउन चार-पाँच दिनसम्म लाग्ने सडक डिभिजन कार्यालय इलामले जानकारी दिएको छ । कार्यालय प्रमुख पवन भट्टराईका अनुसार राँकेदेखि इलाम सदरमुकाम र माइखोला क्षेत्रमा धेरै समस्या रहेको छ । ठाउँठाउँमा पहिरो गएको छ । पहिरो पन्छाउने काम सुरु भएको छ । तर, सडक पूर्णरूपमा सञ्चालनमा आउन भने समय लाग्ने भएको भट्टराई बताउँछन् । 'सडक खुलाउने काम जारी छ । तर, धेरै ठाउँमा सडक क्षतिग्रस्त छ । लाग्ला चार-पाँच दिन,' उनले भने ।

झापाबाट महाकाली जोड्ने दक्षिणी सडकखण्डअन्तर्गत हुलाकी सडकसमेत बाढीले बगाएको छ । हुलाकी सडक बगाएपछि यातायात आवागमन पूर्णरूपमा अवरुद्ध भएको छ ।

अविरल वर्षापछिको बाढीले सर्लाहीको कौडेनास्थित हुलाकी सडक भत्किएको छ । दक्षिणी क्षेत्रको लाइफलाइन मानिएका हुलाकी सडक भत्किँदा स्थानीयले सास्ती बेहोर्नु परेको छ । बाढीले सडकमा १५ मिटरसम्म लामो र झण्डै १० फिट गहिरोसम्मको खाडल बनाएको सडक विभागले जनाएको छ । विभागका प्रवक्ता झाले सडक मर्मत गरेर सञ्चालनमा ल्याउन एक-दुई दिन लाग्ने बताए ।

■■■

### वैकल्पिक मार्गमा...

प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठका अनुसार अर्को सूचना जारी नभएसम्म हेटौंडाबाट काठमाडौं जाने सबै सडकमार्गमा राति सवारीसाधन आवागमनमा रोक कायम रहने छ ।

अविरल वर्षाले सडकमा जोखिम बढेपछि जिल्ला प्रशासन कार्यालय रामेछापले खुर्कोट-मन्थली-खिम्ती-मिल्ती सडकखण्डमा रात्रिकालीन सवारी आवागमन निषेध गरेको छ । प्रशासनका अनुसार यही २४ असोजसम्म प्रत्येक साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म सवारी सञ्चालनमा रोक लगाइएको हो । यस अवधिमा एम्बुलेन्स र अत्यावश्यक सेवाका सवारीसाधनबाहेक सबै प्रकारका सार्वजनिक तथा निजी यात्रुवाहक सवारीसाधन चलाउन नपाइने प्रशासनले जनाएको छ ।


**Kepilasgadhi Rural Municipality**

**Office of Rural Municipal Executive**

Baksila, Khotang
Website: kepilasgadhimun.gov.np

**Date of publication: 2082/06/21 (7th Oct, 2025)**

Kepilasgadhi Rural Municipality, Office of Rural Municipal Executive, Baksila, Khotang, Nepal invites open competetive Bidding (Electronic Bids Only) from eligible and qualified bidders for the following work under NCB procedures. For More Detail, Eligible and interested bidders may visit and download the bid documents from e-GP system. PPMO's website: www.bolpatra.gov.np/egp.

| Contract Id | Description of Works | Last Date Of Bid Submission | Estimated Amount With Vat (Nrs) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 03/KRM/NCB/ WORKS/2082/083 | Baksila Khartamchha Phedi Teraha Bhojpur Sahid Marga (I) | 6th Nov, 2025 12:00 P.M. | 1,74,99,739.65 | 5,00,000 Nrs | 3000 |
| 04/KRM/NCB/ WORKS/2082/083 | Baksila Khartamchha Phedi Teraha Bhojpur Sahid Marga (II) | 6th Nov, 2025 12:00 P.M. | 1,00,00,372.19 | 2,80,000 Nrs | 3000 |

**Chief Administrative Officer**



पहिरो पन्छाउदै सशस्त्र प्रहरी | भोजपुर सदरमुकाम नजिकै सडकमा झरेको पहिरो पन्छाउँदै सशस्त्र प्रहरी बलको टोली ।

*तस्बिर: युवराज विष्ट/रासस*

# बाढीबाट रौतहटमा ४१२ परिवार विस्थापित

**चन्द्रपुर (रौतहट)**– गत शनिबार र आइतबार आएको अविरल वर्षाले जिल्लामा ठूलो क्षति पुर्‍याएको छ । सदरमुकाम गौर सोमबारसम्म जलमग्न थियो । पूर्वतर्फ रहेको बागमती नदी र पश्चिमतर्फ रहेको लालबकैया नदीको बाढी पसेपछि गौर जलमग्न भएको हो ।

बाढीबाट हालसम्म ४१२ परिवार विस्थापित भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नेत्रमणी गिरीले जानकारी दिए । सबैभन्दा बढी दुर्गाभगवती गाउँपालिकामा २३६ परिवार विस्थापित भएका छन् । उक्त क्षेत्रमा एक हजारभन्दा बढी घरभित्र बाढी पसेको थियो । झाझखोला र बागमती नदीको बीचमा रहेको सो गाउँपालिकाको वडा नं ४ पचरुखी र वडा नं ५ बर्डहवा बढी प्रभावित भएका छन् । बाढीले धान बाली नष्ट गरेको छ ।

गौरसँगै जोडिएको राजदेवी नगरपालिकामा बाढीबाट ८९ परिवार विस्थापित भएका प्रहरी उपरीक्षक गिरीले बताए । सबैभन्दा बढी वडा नं ८ र ९ प्रभावित बनेका छन् । बाढीले गौर, राजपुर, गुजरा, कटहरिया, इशनाथ, माधव नारायण, गढीमाई, वृन्दावन, मौलापुर, फतुवा विजयपुर नगरपालिका तथा यमुनामाई गाउँपालिमा बढी क्षति पुगेको छ ।



## सडक अवरुद्ध

बाढीले रौतहटभित्रका ठूला सडकसमेत अवरुद्ध भएका छन् । गौर भन्सारदेखि बिपीचोकसम्म सडकमा पानी जमेको छ । बाढीले मौलापुर, सोनारनिया हुँदै हरनहिया-कलैया जोड्ने मुख्य सडक खण्ड बगाएको छ । भारी वर्षासँगै आएको बाढीले कालोपत्र सडकको ठूलो भाग बगाएपछि सो मार्गमा सवारी आवागमन पूर्णरूपमा बन्द भएको प्रहरी उपरीक्षक गिरीले जानकारी दिए ।

## सरकारी कार्यालय डुबानमा

बाढीकै कारण गौरमा रहेका सरकारी कार्यालय डुबानमा परेका छन् । बागमती नदी र बकैया नदीको विभिन्न स्थानबाट बाढी पसेपछि उक्त क्षेत्र डुबानमा परेको हो ।

प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काका अनुसार मंगलबारदेखि कार्यालय खोल्न निर्देशन प्राप्त भए पनि सेवाग्राही आउने अवस्था नरहेको बताए । बाढीले जिल्ला प्रशासन, गौर नगरपालिका, मालपोत, नापी, पूर्वाधार, जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, गौर भन्सार, जिल्ला निर्वाचन, जिल्ला हुलाक कार्यालयलगायत कार्यालय डुबानमा परेका छन् ।

यसैगरी सशस्त्र प्रहरी बल नेपाल ११ नं हेड क्वाटर हजमनियाको कार्यालय पनि पूर्णरूपमा डुबानमा परेको सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीले जानकारी दिए । लक्ष्मीपुर बेलबिछुअवा, गौर, औरैया, सरमजुअवाको बिओपीका कार्यालयसमेत डुबानमा परेका छन् । रौतहटमा नदीमा डुबेर एक जना तथा चटचाङमा परी तीन जनाले ज्यान गुमाएका छन् । *रासस*

# प्रकोपमा पानीजन्य रोगहरूबाट सुरक्षित रहन विज्ञको आग्रह

**काठमाडौं (प्रस)**– अविरल वर्षाका कारण हाल देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुबानले जनधनको व्यापक क्षति पुर्‍याएको छ । वर्षापछिको प्रकोपबाट प्रभावित मानिसको दैनिक जीवनयापन अस्तव्यस्त हुन पुगेको छ । प्रकोपका समयमा पानीजन्य रोगहरू फैलिने सक्ने भएकाले सावधानी अपनाउन विज्ञहरूले आमसर्वसाधरणसँग आग्रह गरेका छन् ।

विशेषज्ञहरूका अनुसार वर्षायाममा सुरक्षित खानेपानी र सरसफाइका उपाय नअपनाउँदा पानीजन्य रोगको जोखिम बढी रहन्छ । विशेषगरी झाडापखाला, हैजा, आउँ, निमोनिया, रुघा-खोकी, टाइफाइड तथा अन्य संक्रमणजन्य रोगका कारण जनधनको क्षति हुनसक्छ । यी रोगहरूबाट बच्न पानी उमालेर वा 'क्लोरिन' प्रयोग गरी शुद्धीकरण गरेर मात्र प्रयोग गर्नुपर्ने विज्ञको सुझाव छ ।

विपद्को समयमा खानेपानी तथा सरसफाइमा विशेष ध्यान दिनुपर्ने बताउँछन्, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसी । उनका अनुसार कुनै पनि प्रकोप विशेषगरी बाढी-पहिरोपछि खानेपानी प्रणालीमा समस्या आउनसक्छ र यस्तो अवस्थामा खानेपानीको स्रोतमा ढल मिसिने सम्भावना रहन्छ, जसले फोहोर पानी सेवनका कारण झाडापखाला, हैजाजस्ता पानीजन्य रोग फैलिन सक्छ । 'पिउने र खाना पकाउने पानी सफा र पिउनयोग्य छ कि छैन भन्ने सुनिश्चित गर्न आवश्यक छ । पानी उमालेर वा क्लोरिन झोल/टचाबलेटको प्रयोग गरेर मात्र पिउनु उचित हुन्छ,' उनले भने ।

विज्ञका अनुसार शुद्धीकरण गरेको पानी सधैं सफा भाँडामा छोपेर राख्ने, सडेगलेका, बासी र झिँगा भन्केका खानेकुरा नखाने, काँक्रो, गाजर, फलफूलजस्ता काँचै खान मिल्ने खानेकुरा सधैं सफा पानीले धोएर मात्र खाने गर्नुपर्छ । यसैगरी खाना पकाउनु, खाना खानु र बच्चालाई खाना खुवाउनुअघि, फोहोर छोएपछि, दिसापिसाब गरेपछि, चर्पीको प्रयोग गरेपछि तथा बच्चाको दिसा धोएपछि सधैं साबुन पानीले मिचीमिची हात धुनुपर्छ ।

डा. केसीका अनुसार बाढी तथा झाडापखालाबाट प्रभावित क्षेत्रमा अहिले क्लोरिन झोल र टचाबलेट वितरण भइरहेको छ । 'यदि पखालाजन्य रोग लागेको खण्डमा झोलिलो खानेकुरा प्रशस्त खाने र घरमै जीवनजल बनाएर सेवन गर्नुपर्छ । समस्या जटिल हुने अवस्था देखिएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त उपचारका लागि जानुपर्छ,' उनले सुझाए ।

उनले बाढी, पहिरोका कारण जनधनको अकल्पनीय एवं अपुरणीय क्षति भएको विद्यमान अवस्थामा सरकारले प्रभावित क्षेत्रमा जीवनजल, क्लोरिन टचाबलेट र आवश्यक औषधिको व्यवस्थापनसहित सबै स्वास्थ्य संस्थाहरूलाई 'हाइ अलर्ट' मा रहन निर्णय गरेको जानकारी गराए ।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी केसीले देशको विद्यमान विषम् परिस्थितिलाई दृष्टिगत गरी आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीसहित स्वास्थ्यकर्मीहरू कार्यक्षेत्रमा जुटिसकेकाले प्रभावित व्यक्ति तथा परिवारलाई सहजरूपमा स्वास्थ्य उपचार गराउने सरकारको नीति तथा कार्यक्रमलाई सहयोग गरिदिन सम्बद्ध सबैसँग अनुरोध गरे ।

# सहजतातर्फ फर्कंदै जनजीवन

**धनुषा (प्रस)**– तीन दिनको लगातारको अविरल वर्षाका कारण प्रभावित जनजीवन सहज हुँदै गएको छ । मौसम सुधार भएसँगै सर्वसाधारणले राहत महसुस गरेका हुन् । यहाँ आइतबार रातिदेखि वर्षा रोकिएको र सोमबार बिहानदेखि घाम लागेको छ ।

'निरन्तर वर्षा भइरहँदा बाहिरी कामकाज छाडेर घरमै बस्न बाध्य थियौं,' क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका तरकारी व्यवसायी जीवछ साहले भने, 'बल्ल घाम लागेपछि राहत महसुस भएको छ ।' निरन्तरको वर्षाका कारण ग्राहकको अभावमा २० हजार बराबरको फलफूल, सागसब्जी सडेको साहले दुखेसो सुनाए । वर्षा रोकिएर घाम लागेपछि अहिले बजारमा चहलपहलसमेत बढेको छ । क्षीरेश्वरनाथ नगरपालिका-५ की गृहणी ज्योति गुप्ताले घाम लागेपछि बिस्कुन एवं लुगाफाटा सुकाउन सहज भएको बताइन् ।

मान्यजनकहाँ दसैंको टीका, जमरा ग्रहण गर्न जानु परे पनि लगातार झरी परिरहँदा सबै घरमै थुनिएका थिए । दसैं मनाएर राजधानी काठमाडौंलगायत स्थानमा फर्किन समस्या भएको थियो । सोमबार भने यात्रुहरू बस बिसौनीहरूमा गाडीको प्रतीक्षामा बसेका देखिएका छन् । मौसमविद्हरूले अब मौसम सफा हुँदै जाने र तापक्रम पनि क्रमशः घट्दै गई प्रचण्ड गर्मीबाट उन्मुक्ति मिल्ने बताएका छन् । लामो झरीले कामकाज गर्न नपाएका यहाँका बासिन्दा काममा निस्कन थालेका छन् । 'हेर्नोस् न, झरीले केही गर्न दिएको थिएन, सबै काम असरल्ल थियो,' क्षीरेश्वरनाथ नगरपालिका-१ रमदैयाकी किसान अनितादेवी यादवले भनिन्, 'बल्ल कति दिनपछि राम्ररी घाम देख्न पाइयो, अब भने खेत गोडमेल, वस्तुभाउको चरण गर्न पाइने आश जाग्यो ।'

मौसममा सुधार देखिएसँगै अब धान, तरकारी गोडमेल गर्न अनुकूल हुने यहाँका किसानहरू बताउँछन् । मौसममा आएको सुधारले तरकारीबारी गोडमेल गर्न सकिने रमदैयाका किसान उमेश यादवको भनाइ छ ।

पशुपालक किसानले गोठमै बाँधिएका घरपालुवा पशुवस्तु (गाई, भैंसी, बाखापाठा) फुकाउन, डुलाउन पाएका छन् । चरन क्षेत्र पानीले डुबाएको भए पनि पशुवस्तुलाई डुलाउन पाइएको पशुपालक किसानको भनाइ छ । दुई-तीन दिनपछि पारिलो घाम लागेपछि लुगा धुने व्यवसायका धोबीलाई पनि राहत भएको छ । 'धेरै दिनदेखि ग्राहकले धुन दिएका लुगा पानी परिरहेर घरमै थुप्रिएको थियो,' क्षीरेश्वरनाथ नगरपालिका-५ का अमिन साफी धोबीले भने, 'अब भने काम गर्न पाइने भइयो ।'

# बाढी तथा डुबानबाट एक हजारभन्दा बढी मानिस प्रभावित

**राजविराज (सप्तरी)**– अविरल वर्षापछि आएको बाढीले यहाँको जनजीवन प्रभावित बनाएको छ । भीषण वर्षासँगै जिल्लाका त्रियुगा, खाँडो, कोशी र जिता नदीमा आएको बाढीले झण्डै ५०० भन्दा बढी घर डुबानमा परेका छन् भने एक हजार १५६ जना प्रभावित भएका छन् ।

जिल्लाका तटीय र नदी किनारका बस्तीमा बाढी पस्दा स्थानीयवासीको जनजीवन अस्तव्यस्त बनेको छ । त्रियुगा नदीमा आएको बाढीले सप्तकोसी नगरपालिकाका विभिन्न वडाका दुई सयभन्दा बढी घर डुबानमा पारेका छन् । भीषण वर्षापछि नदी 'ओभरफ्लो' हुँदा वडा नं ६ बोचही गाउँ नै जलमग्न बनेको छ । उक्त वडाका छ घर भत्किएपछि ती परिवारलाई राष्ट्रिय आधारभूत विद्यालय बोचहीमा सुरक्षित राखिएको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयका अनुसार जिल्लाका अरू नौ स्थानमा बाढीबाट २५६ परिवार प्रभावित भएका छन् । जिल्लाको डाक्नेश्वरी नागरपालिका वडा नं ९ मा १५ घरमा पानी पसेको छ । हनुमाननगर कंकालिनी नगरपालिका-१२ मा ४०, राजगढ गाउँपालिका-६ मा एउटा घर भत्किएको छ भने तिलाठी कोइलाडी गाउँपालिका-१ मा खाँडो नदीको बाढी पसेर गाउँ नै जलमग्न भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए ।

तिलाठी कोइलाडी-४ मा १५ हनुमाननगर कंकालिनी-१४ मा ११ घर डुबानमा परेका छन् । प्रहरी उपरीक्षक गोतम केसीको नेतृत्वमा खटिएको टोलीले जिल्लाका विभिन्न ठाउँबाट बाढीमा फसेका ३८ जनालाई उद्धार गरेको छ । टोलीले जिल्लाको सप्तकोशी नगरपालिका-६ बाट १२ जना, हनुमाननगर कंकालिनी-१२ बाट आठ जना, राजगढ गाउँपालिका-६ बाट सात र तिलाठी कोइलाडी-४ बाट ११ जनालाई उद्धार गरिएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिए । *रासस*


## जापानमा रोजगार

कम्पनी : SJC Cooperative

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | LT. No. 330613 | चलानी नं. ६०२४५५५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Meal Preparator | 8 | 0 | 171597 | १,६२,५०४ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : SJC Cooperative

पूर्व स्वीकृति मिति : २०८२/०६/०९ | LT. No. 330612 | चलानी नं. ६०२४५५५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sea Food Processors | 2 | 0 | 190418 | १,८०,३२८ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज २८ गते (14th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1567/079/80

NIHON EMPLOYMENT CENTER PVT.LTD
Pepsikola-32, Kathmandu, Nepal, T: 977-1-49929, Email:- necc.mgmt@gmail.com



"वित्तीय सफलताको लागि साथी"

## विन नेपाल लघुवित्त वित्तीय संस्था लि.

Wean Nepal Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था, प्रादेशिक स्तर (बागमती प्रदेश)

केन्द्रीय कार्यालय, बनेपा-१३, काभ्रेपलाञ्चोक,
फोन नं. ०११-६६५६२६, वेबसाईट : https://weannepal.com

**संस्थापक शेयरधनीहरुको शेयर संरचना परिवर्तन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(प्रकाशित मितिः २०८२/०६/२१)

यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (साविकको नेपाल सेवा लघुवित्त वित्तीय संस्था लिमिटेड र विन लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई बनेको वित्तीय संस्था) को हालसम्म कायम रहेको संस्थापक शेयरधनी समुहको ७० प्रतिशत र सर्वसाधारण शेयरधनी समुहको ३० प्रतिशत शेयर स्वामित्व संरचनालाई साविकको नेपाल सेवा लघुवित्त संस्था लिमिटेडको संस्थापक शेयरधनीहरुको नाममा कायम रहेको संस्थापक शेयर मात्र एकिकृत संस्थाको कुल चुक्ता पुँजीको ७.९७ प्रतिशत विन्दुले शेयर संरचना परिवर्तन गरी संस्थापक शेयरधनी समूहको ६२.०३ प्रतिशत र सर्वसाधारण शेयरधनी समूहको ३७.९७ प्रतिशत शेयर स्वामित्व हुने गरी शेयरधनीहरुको पुँजीको संरचनालाई परिवर्तन गर्न यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०२/१४ गते बसेको ४५ औं बैठकको निर्णयानुसार नेपाल राष्ट्र बैंकमा स्वीकृति माग गरिएकोमा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) र प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त लघुवित्त संस्थालाई जारी गरिएको निर्देशन बमोजिम स्वीकृति प्राप्त भई सकेको हुँदा सो बमोजिम साविक नेपाल सेवा लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले मात्र आफ्नो शेयर अनुपात परिवर्तन गर्ने वा नगर्ने सम्बन्धमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै साविक नेपाल सेवा लघुवित्त वित्तीय संस्था लि.का संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय बनेपा–१३, साँगा, काभ्रेपलाञ्चोकमा सम्पर्क राखी लिखित रुपमा निवेदन दिन वा वित्तीय संस्थाको ईमेल info.weannepal@gmail.com मा निवेदन पठाउनु हुन अनुरोध गर्दछौं । यो सूचनाको म्यादभित्र सर्वसाधारण समुहको शेयरमा परिवर्तन नगर्ने भनी निवेदन नदिनु हुने संस्थापक शेयरधनीहरुको हकमा संस्थापक शेयर अनुपात सर्वसाधारण समुहमा परिवर्तन गर्न मञ्जुर रहेको ठानी सोही बमोजिम सर्वसाधारण समुहमा परिवर्तन गर्ने तर्फ प्रक्रिया अगाडी बढाईने व्यहोरा सम्बन्धित संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।



**अमालुर गोर्मेट प्रा.लि. को खारेजी (लिक्वीडेसन) सम्बन्धमा हक दावी गर्न आउने बारेको सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०८०।०५।०३ गते **प्रा.लि. नम्बर ३१७४९८** मा दर्ता भएको **अमालुर गोर्मेट प्रा.लि.** को **विशेष साधारण सभा**ले कम्पनीको दर्ता खारेज गर्ने र खारेजीको लागि लिक्विडेटरको समेत नियुक्ति गर्ने निर्णय गरी सकेकाले उक्त कम्पनीसँग कोही कसैको लिन दिन बाँकी भए तल उल्लेखित लिक्विडेटरको ठेगानामा लिखित सबुत प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हक दावी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम कम्पनीको दर्ता खारेजीको प्रकृया शुरु भई जाने व्यहोरा जानकारी गराइन्छ ।

**लिक्वीडेटर राधाकृष्ण भण्डारी**
**प्रमाण पत्र नम्बर ५७६**
बूढानीलकण्ठ, काठमाडौं नेपाल
**इमेल:** radhakbhandari@gmail.com
**फोन नं.** ०१४३७३७९३, **मोबाइल नं.** ९८५१०८७८९७



## श्री सैनिक आवासीय महाविद्यालय सुर्खेत

**मंगलगढी, सुर्खेत**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/२१ गते ।**

श्री सैनिक आवासीय महाविद्यालय मंगलगढी, सुर्खेत प्रतीक्षालय भवन निर्माणको कार्य विद्युतीय बोलपत्र (e-Gp) को माध्यमबाट गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सूचना नं. | कार्यक्रम | बोलपत्र दस्तुर रु | बोलपत्र जमानत | बोलपत्र खरिद/पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलुवा हुने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | NAWF/SAMV/NC/SKT/2082/83/06 | प्रतीक्षालय भवन निर्माण | ३,०००।०० | ७५,०००.०० | २०८२/०७/२० गतेको १२०० बजेसम्म | २०८२/०७/२० गते १३०० बजे |

थप जानकारीको लागि कार्यालय समय भित्र श्री सैनिक आवासीय महाविद्यालय, सुर्खेतको फोन नं.०८३-५२३२११ सम्पर्क गर्न सकिने वा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.bolpatra.gov.np/egp बाट बिस्तृत जानकारी प्राप्त गर्न सकिने छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २२३१०० | प्रति तोला – ० | प्रति तोला – २९६०



**मौरीको घार** | दाङको बङ्लाचुली गाउँपालिका–२ स्थित मर्पसमा कमल बिकले घरमा व्यावसायिक रूपमा पालेको लोकल मौरीका घार ।
*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# पर्यटकीय गन्तव्य बन्दै कोरला नाका

**मुस्ताङ–** कोरला नाका पछिल्लो केही वर्षयता पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेको छ । राष्ट्रिय गौरवको (बेनी–जोमसोम–कोरला) सडक सहज हुँदै जान थालेपछि कोरला नाका भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या बर्सेनि वृद्धि हुँदै जान थालेको छ ।

समुद्री सतहको (चार हजार ६१०) मिटर अग्लो उचाइमा रहेको (नेपाल–चीन) उत्तरी कोरलानाका २४ नं सीमास्तम्भ अर्थात् जंगे पिल्लर मुख्य नाका प्रवेशद्वार हो । यही प्रवेशद्वार रहेको कोरला नाकामा बर्सेनि हजारौँ आन्तरिक पर्यटक अवलोकनका लागि पुग्ने गरेका छन् । मुक्तिनाथ दर्शन तथा मुस्ताङ भ्रमण गर्ने ५० प्रतिशत आन्तरिक पर्यटक कोरला नाका अवलोकनका लागि जाने गरेका छन् ।

यहाँ आउने आन्तरिक पर्यटक मुक्तिनाथको दर्शन गरी उपल्लो मुस्ताङ र कोरलानाका अवलोकनका लागि प्रस्थान गर्ने गरेको पाइएको छ । उपल्लो मुस्ताङ भ्रमणका लागि ५०० डलर राजस्व तिरेर प्रवेश अनुमति लिने विदेशी पर्यटक भने सीमा नाकामा जान पाउँदैनन् ।

सुरक्षा संवेदनशीलताका कारण उपल्लो मुस्ताङ गएका विदेशी पर्यटक लोमान्थाङ–२ न्हेचुङस्थित सशस्त्र प्रहरीको (बिओपी) चेक पोस्ट कटेर नाकामा जान पाउँदैन । दसैँ पर्वसँगै मुस्ताङ भ्रमण गर्ने पर्यटकको संख्या वृद्धि हुँदै जान थालेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जेनजी आन्दोलनले उत्पन्न परिस्थिति र हालै देखिएका प्रतिकूल मौसमको प्रक्षेपणका बाबजुद मुस्ताङ भ्रमण गर्ने पर्यटकको संख्या वृद्धि भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दसैँपछि असोज १७ र १८ गते गरी दुई दिनमा छ हजार १७३ नेपाली आन्तरिक पर्यटक र ६८८ विदेशी पर्यटक मुस्ताङ भित्रिएको जिल्ला प्रहरी कार्यालयका प्रनाउ छिरिङकिप्पा लामाले जानकारी दिइन् । यसैगरी दुई दिनको अवधिमा दुई हजार २१७ सवारीसाधन मुस्ताङ भित्रिएको प्रनाउ लामाको भनाइ छ ।

नेपाल–चीन उत्तरी कोरला नाका भ्रमणका लागि आन्तरिक पर्यटकको संख्या दसैँपछि ह्वात्तै बढेको न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) इञ्चार्ज सशस्त्र प्रहरी निरीक्षक विष्णुहरि थापाले जानकारी दिए । दसैं पर्वको असोज १७ र १८ गतेका दिनमा दैनिक एक हजार ५०० आन्तरिक पर्यटकले कोरला नाकाको अवलोकन गरी फर्किएको उनको भनाइ छ ।

यसैगरी दसैँपछिको तेस्रो दिन आइतबार मात्रै एक हजार ७०२ आन्तरिक पर्यटक कोरला नाका पुगेको सशस्त्र प्रहरीका बिओपी इञ्चार्ज थापाले उल्लेख गर्नुभयो । नाका अवलोकनका लागि न्हेचुङस्थित सशस्त्र प्रहरी चेक प्वाइन्टमा १२६ बस, जिप र कार भित्रिएका छन् । यसैगरी चेक प्वाइन्टमा इन्ट्री भई २२४ मोटरसाइकल कोरला नाका पुगेको बिओपी इञ्चार्ज थापाले उल्लेख गरे । *रासस*

# ‘सरकार निजी क्षेत्रको मनोबल बढाउन प्रयत्नशील छ’

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालले निजी क्षेत्रको मनोबल बढाउन सरकार निरन्तर प्रयत्नशील रहेको बताएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालसँग आज भएको भेटमा अर्थमन्त्री खनालले उक्त धारणा राखेका हुन् ।

सरकारले पुनर्निर्माणका लागि राजस्व छुट, बैंकिङ सहुलियत र बिमामा सहजीकरणका कार्यक्रम सार्वजनिक गरेको उल्लेख गर्दै अर्थमन्त्री खनालले सन्दर्भ मूल्य खारेज गरी भन्सारमा ‘अनलाइन डेटाबेस’ प्रणाली लागू गरिएपछि बजारमा पारदर्शी कारोबारले प्रश्रय पाउने बताए ।

यही असोज ९ गते अर्थमन्त्री खनालले उद्घाटन गरेको उक्त प्रणालीले हरेक छ महिनामा परिमार्जन हुने सन्दर्भ पुस्तिकाका विषयमा व्यवसायीको गुनासो सम्बोधन गर्ने अपेक्षा गरिएको छ । यस विधिमा जाँचपास भएका सबै वस्तुको मूल्य विवरण संग्रह गरिने जनाइएको छ । उक्त प्रणाली भन्सार जाँचपासमा आएका वस्तुको विश्लेषण र तुलना गर्न मिल्ने डिजिटल स्रोत हो, जसले कारोबार मूल्य पहिचान गर्न सहयोग गर्छ ।

निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरूले सरकारको उक्त कदमको प्रशंसा गरेका थिए । निजी क्षेत्रको मागबमोजिम जडित नयाँ ‘डेटाबेस’ प्रक्रियाको उपयोग गर्न तीनै संस्थाले सदस्य एवं उद्यमी व्यवसायीलाई आग्रह गरेका छन् ।

त्यस अवसरमा उनीहरूले ‘जेनजी’ प्रदर्शनका क्रममा निजी क्षेत्रका व्यापारिक प्रतिष्ठानमाथि भएको तोडफोड, लुटपाट र आगजनीमा संलग्नमाथि कारबाहीको माग गरे । दोषीमाथि छानबिन भई कारबाही नहुने हो भने निजी क्षेत्र थप निरुत्साहित हुने हुँदा तत्काल कानुनी कारबाही गर्नुपर्ने उनीहरूको माग थियो ।

निजी क्षेत्र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता कायम गर्ने कार्यमा निरन्तर क्रियाशील रहने बताउँदै उनीहरूले सरकारले पनि उद्यमी व्यवसायीले निर्वाध रूपमा काम गर्न पाउने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

सरकारले निजी क्षेत्रका माग सम्भव भएसम्म तत्काल सम्बोधन गरिरहेको हुँदा निजी क्षेत्रले पनि इमान्दारितापूर्वक व्यावसायिक आचारसंहिताअनुरूप व्यवसाय गर्न अध्यक्षहरूले उद्यमी व्यवसायीलाई आग्रह गर्ने बताएका थिए । ‘वर्तमान सरकारको मुख्य लक्ष्य निर्वाचन भए पनि सुधारको जग बसाल्ने अवसर पनि हो । लगानी र अन्य स्रोत आकर्षित गर्न निजी क्षेत्रको अगुवाइ वा संलग्नतामा बहुपक्षीय वित्त सम्मेलन आयोजना गरी सबै सरोकारवालालाई आश्वस्त पार्नुपर्ने आवश्यकता छ’, उनीहरूले भनेका थिए ।

निर्वाचनले नै खुला बजार र लोकतान्त्रिक व्यवस्था बलियो हुने हुँदा समयमै निर्वाचन गर्न सहयोग र सहकार्य गर्न निजी क्षेत्र तयार रहेको पनि उनीहरूले प्रतिबद्धता व्यक्त गरे ।

# उब्जाउ जमिन नासिँदै, कृषि उत्पादन घट्दै

**गण्डकी–** कृषियोग्य जग्गाको खण्डकीकरण र जग्गा बाँझो छाड्ने प्रवृत्तिका कारण गण्डकी प्रदेशमा धानलगायत मुख्य खेतीबालीको उत्पादनमा कमी आएको छ । उब्जाउ जमिनमा भइरहेको तीव्र बस्ती विस्तार र ठूला पूर्वाधार विकासका गतिविधिले पनि कृषि उत्पादनमा ह्रास ल्याएको हो । प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार धानखेतीको क्षेत्रफल बर्सेनि घट्दो क्रममा देखिएको छ ।

आव २०७९/८० मा ९७ हजार ७६९ हेक्टरमा धानखेती गरिएकामा गत वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टर पुगेको थियो । यस वर्ष ९४ हजार १८२ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सचिव वासुदेव रेग्मीले बताए । ‘बर्सेनि औसत दुई हजार हेक्टरले रोपाइँको क्षेत्रफल घटिरहेको छ’, उनले भने, ‘घरघडेरीका नाममा उब्जाउ जमिन नासिँदै जाँदा यो समस्या आएको हो ।’

कृषिमा घट्दो आकर्षण, पहाडी भेगमा बढ्दो बसाइँसराइ, वैदेशिक रोजगारीप्रति आकर्षण, कृषि जनशक्तिको अभाव आदि कारणले खेतीयोग्य जमिन बाँझो रहन पुगेको सचिव रेग्मीको भनाइ छ । पहाडी जिल्लामा हिउँदे बाली विस्तार तथा प्रवर्द्धनका लागि किसानलाई अनुदानलगायत प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिएको उनले बताए ।

हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा बर्खे र चैते धानखेती हुँदै आएको छ । यहाँका अन्य मुख्य खाद्यान्न बालीमा मकै, कोदो, फापर, जौलगायत हुन् । बर्खे र चैते गण्डकीमा झन्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको सचिव रेग्मीले बताए । नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान खेतीको क्षेत्रफल बढी छ ।

**▸▸ आव २०७९/८० मा ९७ हजार ७६९ हेक्टरमा धानखेती गरिएकामा गत वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टर पुगेको थियो । यस वर्ष ९४ हजार १८२ हेक्टरमा धान रोपाइँ भएको मन्त्रालयका सचिव वासुदेव रेग्मीले बताए ।**

धानखेतीका लागि गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन् ।

पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ । गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ ।

धानखेतीको क्षेत्रफल घट्दै गए पनि धानको उत्पादकत्व भने वृद्धि भइरहेको सचिव रेग्मीले बताए । दुई वर्षअघि प्रतिहेक्टर तीन दशमलव छ मेट्रिक टन धान उत्पादन भएकामा गत वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको थियो । अनुकूल मौसम, रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्नत बीउबिजन आदि कारणले धानको उत्पादकत्व वृद्धि भएको हो ।

‘सिँचाइ, खेती प्रणालीमा सुधार, रोककिरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके किसानले थोरै क्षेत्रफलमा पनि धेरै धान फलाउन सक्छन्’, सचिव रेग्मीले भने, ‘तुलनात्मक रूपमा हेर्दा धानखेतीको क्षेत्रफल धेरै घटेको छैन, रोपाइँ हुने खेत कमै मात्र बाँझो देखिन्छ, अन्य खाद्यान्न बालीको भने क्षेत्रफल र उत्पादकत्व दुवै घट्दो क्रममा छ ।’

व्यावसायिक कृषि उत्पादनमा जोड दिन सकेमा बाँझो जग्गाको सदुपयोग हुने उनको भनाइ छ । त्यसका लागि गण्डकी प्रदेशका २९ स्थानमा चक्लाबन्दी खेतीसमेत सुरु गरिएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकार स्थापना भएयता छ जिल्लाका २९ स्थानमा कुल पाँच हजार ४९६ खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको मन्त्रालयको आँकडाले देखाएको छ ।

मन्त्रालयको भूमि स्रोत नक्सांक महाशाखाका अनुसार कास्की, तनहुँ, बागलुङ, मुस्ताङ, स्याङ्जा र नवलपुरमा चक्लाबन्दी खेती गरिएको हो । चक्लाबन्दी गरिएको जग्गामा कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि १० वटा समूह/सहकारीलाई यन्त्र, उपकरण खरिदमा समेत सहयोग गरिएका उक्त महाशाखाले जनाएको छ ।

छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषिक्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनमा ल्याइएको हो । लागत अनुमानका आधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान मन्त्रालयले दिएको छभने १० प्रतिशत किसानको लगानी छ । वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको छ । *रासस*

छाडा पशुचौपायाको संरक्षण गरौं

छाडा पशुचौपायाका कारणलेः
- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरूवामा क्षति पुग्छ,
- मानिस र पशु दुवैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विर्सजन हुँदा रोग फैलिन सक्छ,
- सार्वजनिक शान्ति र सुरक्षामा अवरोध पुग्न सक्छ ।

त्यसैले,
- पशुचौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशुचौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशुचौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ